मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८३/०८४
चलानी नं :-

०६७-४१०१६४

सूचना नं.:२३

# प्रारम्भिक वातावरणीय अध्ययनको प्रस्ताव माग सम्बन्धी सूचना !

दोस्रो पटक सूचना प्रकाशित मितिः- २०८३/०५/३१

मोदी गाउँपालिका क्षेत्र भित्रका मोदीखोला, रति खोला, पातिखोला नदीको किनारमा रहेका विभिन्न बगरहरु एवं उत्खनन गर्न सकिने अन्य संम्भावित क्षेत्रहरुबाट नदीजन्य निर्माण सामग्री उत्खनन र बिक्रीको लागि आय ठेक्का ब्यवस्थापन गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) को लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकाले गाउँपालिकाको मौजुदा सूचिमा सूचिकृत परामर्शदाताहरूले संलग्न BOQ भरि नियमानुसार मिति २०८३/०६/०५ गते भित्र प्रस्ताव पेश गर्नुहुन दोस्रोपटक यो सूचना प्रकाशन गरिएको छ। परामर्श सम्बन्धी कार्य शर्त (TOR) कार्यालयको वेवसाईटबाट डाउनलोड गर्न सकिने छ।

पुनश्चः रीतपूर्वक दर्ता भएका प्रस्तावहरू मिति २०८३/०६/०६ गते बिहान १०.०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा जानकारी गराइन्छ ।

...........................
बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

E-mail: info@modimun.gov.np, website: http://modimun.gov.np

# कार्यशर्त (Terms of Reference)

## मोदी गाउँपालिकाभित्र रहेका नदी/खोलाका घाटहरूको वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी

## १. पृष्ठभूमि

मोदी गाउँपालिका, पर्वत जिल्लाभित्र रहेका मोदी खोला, रति खोला, पाती खोला तथा अन्य नदी/खोलाहरूबाट प्राकृतिक रूपमा उपलब्ध हुने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लगायतका नदीजन्य निर्माण सामग्री स्थानीय विकास निर्माण कार्यका लागि महत्वपूर्ण प्राकृतिक स्रोतका रूपमा रहेका छन्।

नदी तथा खोलाबाट नदीजन्य सामग्रीको व्यवस्थापन, संकलन तथा उत्खनन कार्य वातावरणमैत्री, वैज्ञानिक, व्यवस्थित तथा प्रचलित कानुनबमोजिम सञ्चालन गर्न आवश्यक वातावरणीय अध्ययन गर्नु आवश्यक भएकोले सम्बन्धित घाटहरूको वातावरणीय अवस्था, सम्भावित प्रभाव तथा न्यूनीकरणका उपायहरूको अध्ययन गर्न यो कार्यशर्त तयार गरिएको हो।

## २. अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य मोदी गाउँपालिकाभित्र रहेका नदी तथा खोलाका विभिन्न घाटहरूको वातावरणीय अवस्था अध्ययन गरी नदीजन्य सामग्रीको वैज्ञानिक तथा वातावरणमैत्री व्यवस्थापनका लागि आवश्यक वातावरणीय प्रतिवेदन तयार गर्नु हो।

विशेष उद्देश्यहरू:

- नदी तथा खोलाका प्रस्तावित घाटहरूको पहिचान र स्थलगत अध्ययन गर्ने।
- नदीजन्य सामग्रीको अवस्था तथा उपलब्धताको अध्ययन गर्ने।
- प्रस्तावित उत्खनन तथा संकलन कार्यबाट वातावरणमा पर्न सक्ने प्रभाव पहिचान गर्ने।
- भौतिक, जैविक, सामाजिक तथा आर्थिक वातावरणको अध्ययन गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

• वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू प्रस्ताव गर्ने।

• वातावरणीय व्यवस्थापन तथा अनुगमन योजना तयार गर्ने।

## ३. कार्यक्षेत्र (Scope of Work)

### ३.१ प्रारम्भिक अध्ययन तथा तथ्यांक संकलन

• सम्बन्धित कानुन, नियमावली, कार्यविधि तथा मापदण्डको अध्ययन गर्ने।

• मोदी गाउँपालिकाबाट उपलब्ध नक्सा, अभिलेख तथा अन्य आवश्यक विवरण संकलन गर्ने।

• विगतका नदीजन्य सामग्री व्यवस्थापनसम्बन्धी अध्ययन तथा प्रतिवेदनहरूको समीक्षा गर्ने।

• सम्बन्धित वडा कार्यालय तथा सरोकारवालासँग समन्वय गर्ने।

### ३.२ स्थलगत सर्वेक्षण

क) भौतिक वातावरण

• स्थलाकृति तथा भू– आकृति

• भूगर्भ तथा माटोको अवस्था

• नदी तथा खोलाको बहाव

• नदीको चौडाइ तथा गहिराइ

• नदी किनाराको अवस्था

• कटान तथा बाढीको सम्भावना

• पहिरो तथा भू– क्षयको अवस्था

• जलस्रोत तथा पानीको गुणस्तर

• धुलो, ध्वनि तथा कम्पनको सम्भावित प्रभाव

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

ख) जैविक वातावरण

- वन तथा वनस्पति
- स्थानीय वन्यजन्तु तथा चराचुरुङ्गी
- जलचर तथा माछाको अवस्था
- संरक्षित वा संवेदनशील प्रजातिको सम्भावित उपस्थिति
- जैविक विविधतामा पर्न सक्ने प्रभाव

ग) सामाजिक तथा आर्थिक वातावरण

- प्रभावित बस्तीहरूको अवस्था
- जनसंख्या तथा सामाजिक संरचना
- स्थानीय पेशा तथा आर्थिक गतिविधि
- कृषि तथा अन्य जीविकोपार्जनका स्रोतहरू
- धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक स्थलहरू
- सडक, पुल, खानेपानी तथा अन्य सार्वजनिक संरचनाहरूमा पर्न सक्ने प्रभाव

## ३.३ नदीजन्य सामग्रीको अध्ययन

परामर्शदाताले आवश्यक प्राविधिक विधिबाटः

- नदीजन्य सामग्री रहेको क्षेत्रको पहिचान गर्ने।
- ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेलको अवस्था अध्ययन गर्ने।
- उत्खनन योग्य क्षेत्र निर्धारणमा सहयोग गर्ने।
- नदीको प्राकृतिक बहावमा असर नपर्ने गरी सम्भावित संकलन क्षेत्र पहिचान गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

- नदी कटान तथा बाढीको जोखिमलाई ध्यानमा राख्ने।
- पुल, सडक, बस्ती तथा अन्य संरचनाको सुरक्षालाई प्राथमिकता दिने।

## ४. वातावरणीय प्रभावको पहिचान तथा मूल्याङ्कन

प्रस्तावित नदीजन्य सामग्री संकलन तथा उत्खनन कार्यबाट पर्न सक्ने देहायका प्रभावहरूको अध्ययन गर्नुपर्नेछः

- नदीको प्राकृतिक बहावमा परिवर्तन
- नदी कटान तथा भू– क्षय
- बाढीको जोखिम
- जल प्रदूषण
- धुलो तथा वायु प्रदूषण
- ध्वनि प्रदूषण
- जलचर तथा जैविक विविधतामा प्रभाव
- स्थानीय सडक तथा यातायातमा प्रभाव
- कृषि भूमि तथा बस्तीमा प्रभाव
- सार्वजनिक पूर्वाधारमा क्षति पुग्ने सम्भावना
- स्थानीय समुदायको सामाजिक तथा आर्थिक गतिविधिमा प्रभाव

## ५. वातावरणीय प्रभाव न्यूनीकरण उपाय

- नदीको प्राकृतिक बहाव कायम राख्ने।
- संवेदनशील क्षेत्रमा उत्खनन निषेध गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

• नदी किनारको अनावश्यक कटान रोक्ने।

• बस्ती तथा सार्वजनिक संरचनाबाट सुरक्षित दूरी कायम गर्ने।

• पुल तथा अन्य संरचनाको सुरक्षालाई प्राथमिकता दिने।

• धुलो नियन्त्रणका लागि आवश्यक उपाय अपनाउने।

• नदी तथा खोलामा इन्धन, तेल तथा अन्य फोहोर मिसिन नदिने।

• उत्खनन क्षेत्रको नियमित अनुगमन गर्ने।

• आवश्यक परे जैविक तथा भौतिक संरक्षणका उपाय लागू गर्ने।

## ६. वातावरणीय व्यवस्थापन योजना (EMP)

परामर्शदाताले विस्तृत वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ। योजनामा सम्भावित प्रभाव, न्यूनीकरण उपाय, जिम्मेवार निकाय, समयावधि तथा लागतको विवरण समावेश गर्नुपर्नेछ।

## ७. वातावरणीय अनुगमन योजना

देहायका विषयहरूको अनुगमन योजना तयार गर्नुपर्नेछः

• नदीको बहाव तथा धार परिवर्तन

• नदी कटान

• जल प्रदूषण

• धुलो तथा ध्वनि

• जैविक विविधता

• सार्वजनिक संरचनाको सुरक्षा

• स्वीकृत वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयन

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

## ८. सार्वजनिक परामर्श तथा सरोकारवालासँग समन्वय

परामर्शदाताले स्थानीय समुदाय, सम्बन्धित वडा कार्यालय, प्रभावित व्यक्तिहरू तथा अन्य सरोकारवालासँग आवश्यक छलफल तथा परामर्श गरी राय सुझाव संकलन गर्नुपर्नेछ।

## ९. आवश्यक जनशक्ति

१. **Team Leader**

२. **Environmental Engineer**

३. **Geologist / GIS Expert**

४. **Hydrologist / River Expert**

५. **Civil Engineer**

६. **Biologist / Forestry Expert**

७. **Socio-economic Expert**

८. **Surveyor**

९. **Supporting Staff**

## १०. अपेक्षित प्रतिवेदन तथा उपलब्धि (Deliverables)

### १०.१ Inception Report

कार्ययोजना, अध्ययन विधि, समय तालिका तथा जनशक्ति परिचालन योजना सहित प्रारम्भिक प्रतिवेदन।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

## १०.२ Draft Environmental Study Report

स्थलगत अध्ययन तथा तथ्यांक विश्लेषणपछि मस्यौदा प्रतिवेदन।

## १०.३ Final Environmental Study Report

मोदी गाउँपालिका तथा सम्बन्धित सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन।

अन्तिम प्रतिवेदनमा कार्यकारी सारांश, परियोजना विवरण, अध्ययन विधि, विद्यमान वातावरणीय अवस्था, सम्भावित प्रभाव, न्यूनीकरण उपाय, EMP, अनुगमन योजना, सार्वजनिक परामर्श विवरण, निष्कर्ष, सिफारिस, नक्सा तथा फोटोहरू समावेश गर्नुपर्नेछ।

## ११. समयावधि

उक्त कार्य सम्झौता भएको मितिले अधिकत ६० दिनभित्र सम्पन्न गर्नुपर्नेछ।

प्रस्तावित समयतालिकाः

- Inception तथा प्रारम्भिक अध्ययन – ५ दिन
- स्थलगत सर्वेक्षण तथा तथ्यांक संकलन – २० दिन
- वातावरणीय विश्लेषण तथा प्रभाव मूल्याङ्कन – १५ दिन
- मस्यौदा प्रतिवेदन तयारी – १० दिन
- सुझाव संकलन तथा अन्तिम प्रतिवेदन – १० दिन

## १२. परामर्शदाताको जिम्मेवारी

- आवश्यक प्राविधिक जनशक्ति परिचालन गर्ने।
- आवश्यक उपकरण तथा सर्वेक्षण सामग्रीको व्यवस्था गर्ने।
- स्थलगत अध्ययन तथा तथ्यांक संकलन गर्ने।
- अध्ययनको गुणस्तर सुनिश्चित गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

**Modi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

# Bill of Quantities (BOQ)

गाउँपालिका कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

**F/Y 083/84**

योजनाको नाम : नदीजन्य सामग्री उत्खननको लागि प्रारम्भिक वातावरणीय परिक्षण कार्य

स्थान :मोदी गाँउपालिका

| S. No. | Description | Unit | Quantity | Rate | | Amount |
|---|---|---|---|---|---|---|
| | | | | In figure | In Words | |
| **A** | **Human Resource** | | | | | - |
| 1 | Team Leader | MD | 30 | | | |
| 2 | Environment Engineer | MD | 15 | | | |
| 3 | Geologist | MD | 5 | | | |
| 4 | Hydrologist | MD | 5 | | | |
| 5 | Civil Engineer | MD | 5 | | | |
| 6 | Forest Expert / Biologist | MD | 5 | | | |
| 7 | Socio-economic Expert | MD | 10 | | | |
| 8 | Surveyor | MD | 30 | | | |
| 9 | Supporting Staff | MD | 30 | | | |
| | | | | | Total of A | |
| **B** | **Travel and Field Expenses** | | | | | - |
| 1 | Vehicle Hire | Day | 4 | | | |
| 2 | Lodging and Fooding | LS | 1 | | | |
| | | | | | Total of B | |

Name of Contractor:

Signature:

Seal:

**Modi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

# Bill of Quantities (BOQ)

**F/Y 083/84**

योजनाको नाम : नदीजन्य सामग्री उत्खनन्को लागि प्रारम्भिक वातावरणीय परिक्षण कार्य

स्थान :मोदी गाँउपालिका

| S. No. | Description | Unit | Quantity | Rate | | Amount |
|---|---|---|---|---|---|---|
| | | | | In figure | In Words | |
| **C** | **Data Collection and Public Haring** | | | | | |
| 1 | Data Collection | No | 1 | | | |
| 2 | Public Haring | LS | 1 | | | |
| | | | | | Total of C | |
| **D** | **Stationery and Reporting Cost** | | | | | |
| 1 | Material Printing and Stationary | LS | 1 | | | |
| 2 | Communication | LS | 1 | | | |
| 3 | Report Preparation and Printing | LS | 1 | | | |
| | | | | | Total of D | |
| **Sub-Total** | | | | | | |
| VAT @13% | | | | | | |
| **Total** | | | | | | |
| In Words: | | | | | | |

गाउँ कार्यपालिकाको कार्यालय पतिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७४

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

Name of Contractor:

Signature:

Seal: